विधायनको प्रकृति: नियमावली
दर्ता नं. ६।०८२
दर्ता मिति: ०८२।०३।०२
कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

# नेपाल इन्जिनियरिङ्ग परिषद (चौथो संशोधन) नियमावली, २०८२

स्वीकृत मितिः २०८२/०२/२५

नेपाल इन्जिनियर परिषद नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल इन्जिनियर परिषद ऐन, २०५५ को दफा ३७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि नेपाल इन्जिनियर परिषदले नेपाल सरकारको स्वीकृति लिई देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम "नेपाल इन्जिनियरिङ्ग परिषद (चौथो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. <u>नेपाल इन्जिनियरिङ्ग परिषद नियमावली, २०५७ को नियम २ मा संशोधन</u> : नेपाल इन्जिनियरिङ्ग परिषद नियमावली, २०५७ (यस पछी "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः-

(१) संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,

(२) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा नेपाल सरकार वा प्रदेश सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(३) नेपाल सरकार वा प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) स्थानीय तह,

(५) नेपाल सरकार वा प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था,

(६) नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था।"

३. <u>मुल नियमावलीको नियम १० मा संशोधन</u> : मूल नियमावलीको नियम १० को उपनियम (७) पछि देहायको उपनियम (८) थपिएको छः-

"(८) नेपाल सरकार वा सार्वजनिक निकायबाट सञ्चालित आयोजना/परियोजनाको हकमा सो निकायबाट लेखि आएमा १० वर्षको अनुभव नभएका इन्जिनियरहरु परिषदमा दर्ता गर्न बाधा परेको मानिने छैन।"

केशव कुमार शर्मा

४. <u>**मुल नियमावलीको नियम १५ मा संशोधन**</u> **:** मूल नियमावलीको नियम १५ को उपनियम (६) पछि देहायको उपनियम (७) र (८) थपिएको छ:-

"(७). परिषद्‌बाट मान्यता प्राप्त शिक्षण संस्थाको शैक्षिक गुणस्तरलाई परिषद्‌ले तोके बमोजिम सुनिश्चितता तथा प्रत्यायन (क्वालिटी एसुरेंस एण्ड एक्रेडिएसन) गर्नेछ।"

"(८) उपनियम (७) अनुसारको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्वालिटी एसुरेंस एण्ड एक्रेडिएसन) गर्दा परिषदले नेपालमा सञ्चालित शैक्षिक कार्यक्रमहरुको अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सहज हुने मापदण्डहरुका आधारमा गर्नेछ।"

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

केशव कुमार शर्मा
सचिव